## मिति २०८१/०२/२३ गतेको नगरकार्यपालिकाको बैठकका प्रस्तावहरु

प्रमाणित प्रतिलिपी

१. आ.व. २०८१/०८२ को मार्गदर्शन, नीति, कार्यक्रम तथा वजेट सम्बन्धमा ।
२. नगरसभाको अधिवेशन आव्हान सम्बन्धमा ।
३. नगर शिक्षा समिति गठन सम्बन्धमा ।
४. विविध सम्बन्धमा ।

### बैठकका निर्णयहरु

#### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल श्रोत अनुमान समितिबाट पेश भएको अनुमानित श्रोत बमोजिम आगामी आ.व.को लागि वजेट निर्माण गर्ने सम्बन्धमा तपशिल बमोजिमको वजेट संसोधित शिलिङ्ग निर्धारण गर्ने र उक्त योजना तथा कार्यक्रम तर्जुमाको लागि तपशिल अनुसारको मार्गदर्शन अपनाई प्राथमिकताका आधारमा तोकिएको समय भित्र टोल वस्ती स्तरमा गई योजना तर्जुमाका चरण अपनाई वडा समितिबाट निर्णय गरी जेष्ठ मसान्त भित्र नगरपालिकामा पेश गर्ने र नगरपालिकाले समेत विषयगत समिति मार्फत जेष्ठ मसान्त भित्र सम्पन्न गरी योजना शाखामा गर्ने निर्णय गरियो ।

तपशिल

**संसोधित बजेट शिलिङ्ग**

**आगामी आ.व.को कार्यक्रम निर्माणको लागि प्रत्येक वडालाई रु ४० लाखका दरले शिलिङ्ग उपलब्ध गराउने**

| क | आर्थिक विकास | रकम रु हजारमा |
|---|---|---|
| १ | कृषि विकास सम्बन्धि कार्यक्रम संचालन | १७०० |
| २ | पशु विकास सम्बन्धि कार्यक्रम संचालन | १५०० |
| ३ | पर्यटन विकास तर्फ | २२०० |
| ४ | उद्योग सम्बन्धि कार्यक्रम संचालन | १५०० |
| **ख** | **सामाजिक विकास** | |
| | **शिक्षा युवा तथा खेलकुद तर्फ** | |
| १ | शिक्षा व्यवस्थापन (स्थानीय पाठ्यक्रम समेत) | ४५०० |
| २ | स्वास्थ्य सम्बन्धि कार्यक्रमको लागि | ५४५३ |
| ३ | युवा खेलकुद तर्फ | १२५० |
| | **संस्कृति संरक्षण तथा प्रर्वद्धन** | |
| १ | विभिन्न संस्कृति संरक्षण कार्यक्रम | ५०० |
| | **जम्मा** | ५०० |
| | **लैङ्गिक समावेशी करण तथा लक्षित कार्यक्रम** | ८२०० |
| **ग** | **पूर्वाधार विकास** | |
| १ | सडक पूर्वाधार | ६५२०० |
| | **भवन तर्फ** | |
| १ | भवन पूर्वाधार | ८८०० |
| २ | अन्य पूर्वाधार तर्फ | ६३०० |
| | **खानेपानी तथा सरसफाई** | |

| | | |
|---|---|---|
| १ | खानेपानी तथा सरसफाई तर्फ | ३००० |
| **घ** | **वन वातावरण तथा विपद् व्यवस्थापन** | |
| १ | विपद व्यवस्थापन तर्फ | ५३०० |
| **ङ** | **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | |
| | **सामान्य सेवा तर्फ** | |
| १ | सामान्य सेवा प्रवाह, सूचना संचार लगायतका अन्य कार्यक्रम तर्फ समेत | १३७२०० |

**नोटः- माथि उल्लेखित शिलिङ्गमा शर्सत तर्फको कार्यकम तथा वजेट समावेश गरिएको छैन**

## शितगंगा नगरपालिकाको वडा र नगरतर्फआ.व. २०८१/८२ को लागि कार्यक्रम तथा आयोजना प्रस्ताव गर्दा अपनाउनुपर्ने मार्गदर्शनः

### १. समष्टीगत मार्गदर्शनः

- संविधानमा उल्लेख गरिएका नागरिकका मौलिक हक कार्यान्वयन गर्न योगदान पुर्याउने गरी कार्यक्रम तथा आयोजना छनौट गर्ने,
- दिगो विकास लक्ष्य प्राप्तिमा टेवा पुग्ने गरी कार्यक्रम तथा आयोजना छनौट गर्ने,
- नगरपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च संरचना र वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा टेवा पुग्ने गरी आयोजना तथा कार्यक्रम छनौट गर्ने,
- स्थानीय स्तरमा रोजगारी श्रृजना हुने, स्थानीय सीप र श्रमको प्रयोग हुने, पिछाडिएको समुदाय/क्षेत्रलाई फाईदा पुग्ने र गरिबी निवारणमा सहयोग पुर्याउने खालका आयोजना र कार्यक्रम प्रस्ताव गर्नुपर्ने,
- जनप्रतिनिधि तथा कर्मचारीको उपस्थितिमा टोल तथा बस्तीस्तरमा आम भेला गराई स्थानीयबासीको माग र आवश्यकतामा आधारित रही आयोजना तथा कार्यक्रम छनौट गर्ने,
- आयोजना तथा कार्यक्रम छनौट गर्दा वडा सदस्यको संयोजनमा (वडालाई ४ कलष्टरमा विभाजन गरी) बस्ती स्तरमा सम्बद्ध सरोकारवालाहरुको व्यापक सहभागितामा छलफल गराई आयोजना/कार्यक्रमको माग संकलन गर्नु पर्नेछ । भेलाको निर्णय सहितको माइन्यूटको फोटोकपी सहित पेश गर्नु पर्नेछ,
- बस्ती तथा टोलस्तरबाट आयोजना छनौट गर्दा महिला, दलित, आदिवासी/जनजाति, अल्पसंख्यक/सिमान्तकृत, अपाङ्गता भएका व्यक्ति, सामुदायिक संघ संस्था, विकास साझेदार, राजनैतिक दलहरु लगायतका सरोकारवालालाई आमन्त्रण गरी सहभागिता गराउनु पर्नेछ,
- बस्तीस्तरबाट प्राप्त भएका आयोजना तथा कार्यक्रमलाई वडा समितिले प्राथमिकता किटान गरी क्षेत्र र उपक्षेत्र अनुसार छुट्टाछुट्टै सुची बनाई नगरपालिकामा पेश गर्ने,
- सकेसम्म संघ, प्रदेश र नगरसँग दोहोरो नपर्ने गरी कार्यक्रम र आयोजना प्रस्ताव गर्ने,
- आयोजना र कार्यक्रमको लाभ र लागत पक्ष विचार गरेर मात्र छनौट गर्ने,
- आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा साविकका अधुरा आयोजना पूरा हुने गरी प्रस्ताव गर्ने,

सितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल
प्रमाणित प्रतिलिपि

- चालु आ.व. मा निर्माण सम्पन्न हुन नसकेका आयोजनालाई आगामी आ.व. मा सम्पन्न गर्ने गरी प्राथमिकीकरण सूचीमा समावेश गर्ने,
- आगामी वर्षको लागि आयोजना प्रस्ताव गर्दा एक आर्थिक वर्ष भित्र सम्पन्न हुने खालका आयोजनाहरु मात्र प्रस्ताव गर्ने,
- नगरले गौरवका आयोजना भनी पहिचान गरेका सडक पूर्वाधारमा वडाबाट बजेट प्रस्ताव नगर्ने,
- जनप्रतिनिधि वा कर्मचारीको प्रत्यक्ष स्वार्थ बाझिने खालका आयोजना वा कार्यक्रममा बजेट प्रस्ताव नगर्ने,
- कार्यक्रम तथा आयोजना प्रस्ताव गर्दा पूर्वाधार क्षेत्र, आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र र संस्थागत विकास, सेवा प्रवाह र सुशासन सहित पाँच क्षेत्र समेट्ने गरी प्रस्ताव गर्नुपर्ने,
- वडामा जाने विकास बजेटको कम्तिमा ६०% पूर्वाधार विकास, कम्तिमा १०% सामाजिक विकास, कम्तिमा १०% आर्थिक विकासका आयोजना तथा कार्यक्रम समावेश गरी बाँकी २०% मा अन्य दुई क्षेत्रलाई समेटी सबै क्षेत्रबाट समावेशी ढंगले कार्यक्रम र आयोजना प्रस्ताव गर्ने ।
- यसरी निर्धारित मार्गदर्शन बाहिर गई बजेट प्रस्ताव गरेको पाइएमा बजेट तथा कार्यक्रम तर्जुमा समितिले मागर्दर्शन बमोजिम गर्न गराउन आवश्यक निर्णय लिनुपर्नेछ ।

२. क्षेत्रगत मार्गदर्शनः

क) आर्थिक विकासतर्फः

- आर्थिक क्षेत्र अन्तरगत कृषि, पशु, पर्यटन, सहकारी, उद्योग लगायतका उपक्षेत्र समेट्ने गरी आवश्यकता अनुसार कार्यक्रम र योजना प्रस्ताव गर्ने,
- कृषि तथा पशुतर्फ कार्यक्रम प्रस्ताव गर्दा नगरसँग दोहोरोपन हुने जस्तैः उत्पादनमा आधारित अनुदानका कार्यक्रममा बजेट प्रस्ताव नगर्ने,
- फर्म वा सहकारीको नाम किटान गरी अनुदानका कार्यक्रम प्रस्ताव नगर्ने,
- नगरपालिकाको नियामकीय अधिकारक्षेत्र बाहिर रहेका सहकारीको लागि सहयोग वा अनुदानका कार्यक्रम प्रस्ताव नगर्ने,
- पर्यटन तर्फ कार्यक्रम प्रस्ताव गर्दा भ्युटावर र गेट निर्माण जस्ता उत्पादनहीन आयोजना बाहेकका नागरिकको आर्थिकस्तर अभिवृद्धिमा प्रत्यक्ष टेवा दिन सक्ने प्रकृतिका कार्यक्रममा बजेट प्रस्ताव गर्ने,

ख) सामाजिक विकासतर्फ

प्रमाणित प्रतिलिपी

- सामाजिक विकास अन्तरगत कार्यक्रम र आयोजना प्रस्ताव गर्दा शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, भाषा तथा संस्कृति संरक्षण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, खेलकुद लगायतका उपक्षेत्रका कार्यक्रम र आयोजनालाई आवश्यकता अनुसार समावेश गर्ने,
- शिक्षा र स्वास्थ्य तर्फ सामाजिक क्षेत्र तर्फको कूल विनियोजनको कम्तिमा २५/२५ प्रतिशत बजेट विनियोजन गरी कार्यक्रम तथा आयोजना प्रस्ताव गर्ने,
- खेलकुद कार्यक्रमतर्फ बजेट प्रस्ताव गर्दा रु. एक लाख भन्दा बढी नहुने गरी प्रस्ताव गर्ने,
- आफ्नो वडामा रहेको लक्षित वर्ग पहिचान गरी आवश्यकता अनुसार कार्यक्रम प्रस्ताव गर्ने । लक्षित वर्गतर्फ कार्यक्रम प्रस्ताव गर्दा लक्षित वर्गको उत्थान, विकास र आर्थिक सशक्तिकरणमा योगदान दिने खालका कार्यक्रममा जोड दिने ।गोष्ठी, सेमिनार तथा भ्रमणलाई निरुत्साहित गर्ने ।

ग) पूर्वाधार विकास तर्फः

- पूर्वाधार क्षेत्र अन्तरगत सडक, सिचाई, खानेपानी, भवन, उर्जा लगायतका उपक्षेत्रमा आयोजना तथा कार्यक्रम बनाई बजेट प्रस्ताव गर्ने,
- एक दुई जनाको हित हुने खालका आयोजनामा केन्द्रित नगरी अधिकाधिक जनतालाई लाभ पुग्ने खालका पूर्वाधार संरचना निर्माणको लागि बजेट प्रस्ताव गर्ने,
- संभाव्यता अध्ययन गर्न बजेट विनियोजन गर्ने गरी वडाबाट कार्यक्रम तथा आयोजना प्रस्ताव नगर्ने,
- वडामा कार्यरत प्राविधिकबाट लागत अनुमान तयार गराई वा गत विगतका वर्षको लागत अनुमान विचार गरी यथार्थपरक ढंगले आयोजनामा बजेट रकम यकीन गरी आयोजना प्रस्ताव गर्ने,
- बाह्रै महिना सडक सञ्चालन गर्न सकिने गरी सडक स्तरोन्नतीको लागि बजेट प्रस्ताव गर्ने,
- सकभर नयाँ सडक ट्रयाक खोल्ने गरी सडकमा बजेट प्रस्ताव नगर्ने,
- सामुदायिक वनसँगको साझेदारीमा सञ्चालन गर्न सकिने आयोजनालाई प्राथमिकता दिई बजेट प्रस्ताव गर्ने,
- भवन निर्माण गर्नुपर्ने अवस्थामा भवनको लागि जग्गा यकीन भएमा मात्र आयोजना प्रस्ताव गर्ने,
- व्यक्तिको निजी जग्गामा खेल मैदान वा अन्य कुनै पूर्वाधार संरचना निर्माण नहुने गरी आयोजना प्रस्ताव गर्ने,
- वडामा जाने सिलिङबाट पूर्वाधार तर्फको कूल विनियोजनमध्ये ७० % बजेटबाट रु. २ लाख भन्दा माथिका आयोजना निर्माण गर्ने र बाँकी ३०% बजेटबाट रु. ५० हजारमा नघट्ने गरी बढीमा पाँच वटासम्म आयोजना प्रस्ताव गर्न सक्ने । यसरी विनियोजन गर्दा सकभर आयोजनाको संख्या न्यून बनाउने तर्फ जोड दिनुपर्नेछ । साथै नगरपालिकाबाट विनियोजन गर्दा कुल विनियोजनको ७०% बाट दुई लाख भन्दा बढी र बाँकी ३०% बजेटबाट रु. १ लाख देखि २ लाख भित्र का आयोजना निर्माण गर्ने । नगरपालिकाले १ लाख भन्दा कमका आयोजना निर्माण नगर्ने ।

प्रमाणित प्रतिलिपि

- आफ्नो क्षमताले सञ्चालन गर्न नसक्ने आयोजनाहरु प्राथमिकता निर्धारण गरी देहायको स्वरुपमा नगरमा सिफारिस गर्ने,

| प्राथमिकताक्रम | आयोजनाको नाम | विषय क्षेत्र | वडा नं. | अनुमानित बजेट |
|---|---|---|---|---|

**घ) वातावरण र विपद् व्यवस्थापनतर्फः**

- वातावरण र विपद् व्यवस्थापन अन्तरगत वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिर्वतन अनुकूलन, फोहोरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण लगायतका उपक्षेत्रमा आवश्यकता अनुसार कार्यक्रम र आयोजना बनाई प्रस्ताव गर्नुपर्नेछ,
- नगद आर्थिक सहायता प्रदान नगर्ने गरी भैपरी आउने विपद्जन्य घटना सम्बोधन गर्न बढीमा एक लाख रुपैयासम्म कार्यक्रमको रुपमा विनियोजन गर्न सक्ने,

**ङ) संस्थागत क्षमता विकास सेवा प्रवाह र सुशासनतर्फः**

- संस्थागत क्षमता विकास, सेवा प्रवाह र सुशासन अन्तरगत वडा कार्यालयबाट प्रवाह हुने सेवाको गुणस्तर सुधार,कार्यालय सुरक्षा, सूचना र संचार,तथ्याङ्क संकलन, सुशासन प्रवर्द्धन, तथा आवश्यकता अनुसार अन्यत्र वर्गिकृत नभएका आयोजना वा कार्यक्रम समावेश गर्न सकिनेछ,
- लागत साझेदारीबाट कार्यक्रम सञ्चालन गर्न सकिने अवस्थालाई मध्येनजर गरी बढीमा एक लाख रुपैयाँसम्म साझेदारी कार्यक्रमको लागि विनियोजन गर्न सक्ने,
- कार्यालय व्यवस्थापन तथा सञ्चालनका लागि छुट्टै कार्यक्रम प्रस्ताव गर्न सकिने छैन,
- कार्यक्रम प्रस्ताव गर्दा नै स्पष्टसँग आयोजना वा कार्यक्रमको नाम उल्लेख गरी पेश गर्नुपर्नेछ,
- सूचना तथा सञ्चार तर्फ वडाबाट सकभर कार्यक्रम प्रस्ताव नगरी नगरबाट एकद्वार प्रणालीबाट वडालाई समेत समेट्ने गरी कार्यक्रम बनाउने ।

<u>आयोजना प्राथमिकता निर्धारणका आधारहरु</u>

- गरिवी निवारणमा प्रत्यक्षा योगदान पुग्ने
- उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने
- आम्दानी र रोजगार बृद्धि गर्ने
- लागत सहभागिता जुट्ने
- स्थानीय स्रोत साधन र सीपको प्रयोग हुने
- समावेशी विकासमा योगदान पुर्याउने
- दीगो विकास र वातावरण संरक्षण गर्ने
- स्थानीय भाषिक र सँस्कृतिक विकास गर्ने

<u>निर्णय नं. २</u>

प्रमाणित प्रतिलिपी

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको सोह्रौं नगर सभाको अधिवेशन यही मिति २०८१ साल आषाढ ७ र ८ गते गर्ने । साथै नगरसभा गर्ने सन्दर्भमा तपशिल बमोजिमको कार्यतालिका बनाई काम गर्ने निर्णय गरियो ।

**तालिका**

| सि.नं. | क्रियाकलाप | मिति | कैफियत |
|---|---|---|---|
| १ | विभिन्न समितिको बैठकहरु | २०८१/२/२६ देखि २०८१/२/३० भित्र | न.पा.मा |
| २ | नीति, कार्यक्रम र बजेटका सन्दर्भमा खुल्ला छलफल र तेस्रो सार्वजनिक सुनुवाई | २०८१/२/३० | कार्यालय प्राङ्गण |
| ३ | वडा समिति तथा विषयगत समितिबाट नगरपालिकामा योजना तथा कार्यक्रम पेश गर्ने | २०८१/२/३२ भित्र | सबै वडा/न.पा. |
| ४ | बजेट तथा सभाको तयारी | २०८१/३/२ र ३ भित्र | कार्यालय |
| ५ | कार्यपालिका बैठक | २०८१/३/४ | नियमित |
| ६ | नगरसभाको सोह्रौ अधिवेशन | २०८१/३/ ७ र ८ | सभाहल |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगर शिक्षा समितिको गठनका सन्दर्भमा छलफल भयो । उक्त विषयमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

(क) यस नगरपालिकाको वडा नं. ११ गन्दीमा रहेको श्री गन्दी आधारभुत विद्यालयको ७ कोठे भवनमा लगाएको जस्ता पाताको छानो मिति २०८१/२/१९ गते राती आएको हुरी बतासको कारणले उडाई विद्यालयमा पठन पाठन गर्न कठिनाई भएकोले उक्त उडाएको विद्यालयको टिन छाना लगाउनको लागि प्रयोग हुन सक्ने स्थानीय सामाग्रीको प्रयोग गर्ने गरी लागत अनुमान तयार गरी ल.इ. बमोजिमको कार्य विपद् कोष वा उपयुक्त शिर्षकबाट गर्ने ।

(ख) यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने वडा नं. ८ बलौते शान्तीपुर राप्ती नदीमा निर्माणको क्रममा रहेको मोटरेवल पुलको स्यालव ढलान गर्न नदिको विच भागमा थुपारी सो माथि सटरीङ्ग गरी ढलाई समेत गरी हाल सटरीङ्ग समेत खोलेको तर खोलाको विचमा उक्त थुपारेको नदिजन्य पदार्थ चालु आ.व.को वर्षादले बगाउने भएकोले २०८१ साल जेष्ठ मसान्त भित्र वडा कार्यालयबाट कर्मचारी/जनप्रतिनिधि खटाई स्थलगत रुपमा नगरपालिकाको नगदी रसिद काटी प्रदेश आर्थिक ऐनमा तोकिए बमोजिमको राजश्व लिई जो कोहीले लैजाने गरी लैजान दिई राजश्व संकलन गर्ने व्यवस्था मिलाउने ।

(ग) शितगंगा नगरपालिकाको ठाडा दहमा रहेको दह आ.वि. निजी शिक्षक व्यवस्थापन भनि रु १५0000।- मिति २०८०/१०/२८ गते भएको नगरसभाबाट विनियोजन गरेको तर उक्त शिक्षकले २०८० सालको श्रावण

प्रमाणित प्रतिलिपी

महिना देखि नै पठन/पाठनको कार्य गर्दै आएकोले विनियोजित रकमबाट निजको २०८० श्रावण महिना देखिको तलव भुक्तानी दिने ।

(घ) गत विगत आ.व.हरुमा नगरपालिकाका मुख्य/मुख्य सडकहरुमा हेरालु राख्दै आईएकोमा निकट भविश्यमा सुरु हुन लागेको वर्षादलाई मध्य नजर गरी आ-आफ्नो वडा क्षेत्र भित्र पर्ने मुख्य/मुख्य सडकहरुमा यातायातका सधनहरु वर्षादमा समेत नियमित संचालन गर्न सामान्य पहिरो हटाउने नाली सफा गर्ने समेतको कार्यको लागि दैनिक ज्याला रु ५२० मा बढि नहुने गरी बढिमा ३ महिनाको लागि सम्बन्धित वडाको वजेटबाट आवश्यक्ता अनुसार राखी दैनिक ज्यालादारीमा कार्य गराउन नियुक्तीको लागि यस कार्यालयमा सिफारिस गरि पठाउने ।

(ङ) समृद्धिका लागि वन परियोजना बृक्षारोपण अनुदान निर्देशिका २०२४ को बुदा ५.३ को (ख) मा भएको व्यवस्था अनुसार निम्न बमोजिम समिति गठन गर्ने ।

- ✓ पालिकाले तोकेको कार्यकारी सदस्यहरु मध्येबाट- संयोजक श्री चन्द्रमणि बेल्वासे (वडा अध्यक्ष)
- ✓ पालिकाको कार्यकारी महिला सदस्यहरु मध्येबाट - सदस्य श्री विष्णु भट्टराई (का.पा सदस्य)
- ✓ सम्बन्धित सव-डिभिजन बन कार्यलयका प्रतिनिधि कम्तिमा ५तहका- सदस्य श्री डिभिजन वन डोहेटे
- ✓ पालिकाको लेखा शाखाको प्रतिनिधि सदस्य - सदस्य श्री लेखा शाखा प्रमुख
- ✓ वन प्राविधिक - सदस्य सचिव श्री यस नगरपालिकाको बन प्राविधिक

(च) समृद्धिका लागि वन परियोजना बृक्षारोपण अनुदान निर्देशिका २०२४ को बुदा ५.४ मा भएको व्यवस्था अनुसार कार्यान्वयन, अनुगमन तथा कार्यसम्पादन मुल्याङ्कनको लागि वडा कार्यालय समेतको सहभागिता हुने गरी नगर उप-प्रमुखको संयोजकत्वमा गठन भएको नगर स्तरीय अनुगमन समितिले नै सो कार्य गर्ने ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन गरियो ।